# परराष्ट्र मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३९ निकायको यो वर्ष विनियोजन रु.३ अर्ब ८९ करोड ४७ लाख, राजस्व रु.७ अर्ब ९६ करोड ९ लाख, धरौटी रु.१ करोड १२ लाख र अन्य कारोबार रु.१ अर्ब ९ लाखसमेत रु.१२ अर्ब ८६ करोड ७७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोराहरु निम्नानुसार छन् :

१. **अनुगमन -** सार्वजनिक लेखा समितिले २०६९।१।६ र २०७३।१।२३ मा रु.२५ करोड ४७ लाख बक्यौताको लेखापरीक्षण गराउने, कार्यविधि तयार गरी खरिद प्रक्रियालाई व्यवस्थित गर्ने, तोकिएका फारामहरु प्रयोग गरी राजस्वको लेखा राख्ने, आर्थिक विवरणले देखाएको मौज्दात र यथार्थ बैङ्क मौज्दात फरक परेको सम्बन्धमा बैंङ्क हिसाब मिलान विवरण तयार गरी यकिन गर्ने, राजदूतहरुको तलबमानमा एकरुपता कायम गर्न कानुनी व्यवस्था गर्न र परिवार साथमा नरहेको अवस्थामा कर्मचारीहरुलाई पारिवारिक भत्ता उपलब्ध नगराउने निर्देशन दिएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरामा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **वित्तीय प्रतिवेदन -** मन्त्रालय मातहत यो वर्ष ३६ नियोग रहेका छन् । सम्पूर्ण नियोगको विनियोजन तथा राजस्वको केन्द्रीय आर्थिक विवरण मन्त्रालयले तयार गर्ने गरेको छ । नियोगहरुको वित्तीय विवरणहरुको सम्बन्धमा देहायबमोजिम देखिएको छ:

२.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम आर्थिक बर्षको अन्त्यमा खर्च नभई बाँकी रकम सञ्चित कोष दाखिला हुनुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक विवरणअनुसार नेपाली नियोग र दूतावासको लागि यो वर्ष रु.२ अर्ब ९३ करोड ५४ लाख निकासा तथा खर्च देखिएकोमा मन्त्रालयले तयार गरेको आर्थिक विवरणले यो वर्ष रु.२ अर्ब ९१ करोड ५८ लाख निकासा तथा रु.२ अर्ब ५८ करोड ९८ लाख खर्च देखाएको छ । नियोगहरुले निकासाबाट बाँकी रकम फिर्ता नगर्नाले खर्च तर्फ फरक देखिएको छ । यसबाट कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक विवरणले रु.३४ करोड ५६ लाख बढी खर्च देखाएको छ । मन्त्रालयले २०७३।७४ को निकासाबाट रु.३० करोड ७४ लाख कट्टी गरी राजस्व दाखिला गरेको भौचर पेश गरेको छ । यसबाट २०७३।७४ को राजस्व बढी लेखाङ्कन हुने देखिएको छ ।

२.२ मन्त्रालयले तयार गरेको राजस्वको केन्द्रीय आर्थिक विवरणबाट नियोगहरुले राहदानी शुल्कबापत रु.४ अर्ब २ करोड ४५ लाख र भिसा शुल्कबापत रु.७० करोड २५ लाखसमेत रु.४ अर्ब ७२ करोड ७० लाख राजस्व सङ्कलन गरेको देखिन्छ । तर नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार गर्ने नगरेको र मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गर्दा नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्व हिसाब भिडान गर्न सक्ने स्थिति रहेन । मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी नियोगहरुको आर्थिक विवरणले निकासा, खर्च र राजस्वको यर्थाथ चित्रण गर्ने व्यबस्था गर्नुपर्दछ ।

३. **भवन खरिद -** विदेशस्थित ३२ नियोगको कार्यालय भवन भाडाबापत २०७०।७१ मा रु.४४ करोड, २०७१।७२ मा रु.५७ करोड र २०७२।७३ मा रु.६५ करोड खर्च गरेकोले नियोगहरुको घर भाडा खर्च प्रत्येक वर्ष वृद्धि हुने गरेको छ । यो वर्ष न्यूयोर्क, जेनेभा र बैंककस्थित नियोगका लागि भवन खरिद गर्न रु.२ अर्ब बजेट विनियोजन गरेकोमा बैंककबाहेक अन्यले खरिद कारबाही गरेको पाइएन ।

बैंकककाे सुकुम्भितमा १ हजार ९१६ बर्गमीटर जग्गामा रहेको ६७७.५० बर्गमीटर क्षेत्रको भवन खरिद गरी रु.४५ करोड ७३ लाख खर्च लेखेको छ । नियोगबाट तयार गरेको लागत अनुमानमा १ हजार १२८.४० वर्गमिटर क्षेत्रफलको भवन आवश्यक देखाएकोमा खरिद गरेको भवनको क्षेत्रफल ६७७.५० वर्गमिटर मात्र भएको, भवनको स्वीकृत नक्सा नियोगले नलिएको, भवन करिब ५० वर्ष पुरानो भएको, ह्रास कट्टीको हिसाबले भवनको जर्ति मूल्यमात्र बाँकी रहेकोमा प्राविधिक दृष्टिले उपयुक्त भए नभएको मूल्याङ्कन

गरेको देखिएन । नियोगहरुको लागि भवन खरिद गर्दा आवश्यक मापदण्ड तयार गरी प्राविधिक मूल्याङ्कनसमेत गर्नुपर्ने देखिन्छ ।

४. **राहदानी छपाई -** राहदानी विभागले ४० लाख मेसिन रिडेबल पासपोर्ट छपाई एवं जारी गर्न फ्रान्सको एक कम्पनीसँग प्रति पासपोर्ट अमेरिकी डलर ३.५९ का दरले २०६७।५।११ मा ५ वर्षको लागि सम्झौता गरेको देखिन्छ । उक्त कम्पनीबाट थप २५ लाख राहदानी आपूर्ति तथा जारी गर्ने कार्य प्रति राहदानी अमेरिकी डलर ५.१४७३ का दरले गर्न मन्त्रिपरिषद्को २०७२।३।१८ को निर्णयबाट भेरिएसन स्वीकृत भएको छ । मन्त्रालय र उक्त कम्पनीबीच भएको सुरु सम्झौताबमोजिम १५ प्रतिशत थप घट गरी कार्यादेश दिन सक्ने व्यवस्था रहेकोले थप ६ लाख राहदानी सुरु सम्झौता दर अमेरिकी डलर ३.५९ का दरले आपूर्ति आदेश दिन सक्नेमा विभागले २०७२।२।७ मा ५ लाख प्रतिको लागि मात्र उक्त दरमा थप आदेश दिएको छ । विभागले थप २५ लाख राहदानी अमेरिकी डलर ५.१४७३ का दरले खरिद गर्न भेरिएसन सम्झौता गरेकोले १ लाख राहदानीको लागि प्रति राहदानी अमेरिकी डलर १.५५७३ का दरले रु.१ करोड ४६ लाख (अमेरिकी डलर १ लाख ५५ हजार ७३०) थप व्ययभार परेको छ ।

५. **कर -** आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा आयकर गणना गर्नुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्ले २०६३।४।१ मा वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा औषधोपचार रकम समेतमा आर्थिक वर्ष २०५८।५९ देखि लागिआएको पारिश्रमिक कर छुट दिने तथा उपरोक्त भत्ता, औषधोपचार लगायतका सुविधाहरुमा लाग्ने पारिश्रमिक कर बराबरको रकम वैदेशिक भत्ता लगायतका सुविधाहरुमा थप गरी भुक्तानी दिने, यसबापत लाग्ने थप रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयको नाममा निकासा दिने र अर्थ मन्त्रालयले प्रत्येक वर्षको आर्थिक अध्यादेशमा यस सम्बन्धी व्यवस्था समावेश गर्ने निर्णय गरकोमा सार्वजनिक लेखा समितिले २०६३।९।२६ मा सोही निर्णयलाई कार्यान्यन गरी सम्परीक्षण गराउन र निर्णय राजपत्रमा प्रकाशित गर्न निर्देशन दिएको थियो । मन्त्रिपरिषद्ले २०६४।१२।२० मा नियोग प्रमुख तथा कर्मचारीहरुको वैदेशिक भत्ता समायोजन गरेको थियो । मन्त्रिपरिषद्ले ऐनको व्यवस्था भन्दा फरक किसिमले निर्णय गरी वासिन्दा प्राकृतिक व्यक्तिको कर दायित्व सरकारी कोषबाट व्यहोरी उन्मुक्ति दिने काम कारबाही रोकिनुपर्ने व्यहोरा महालेखापरीक्षकको प्रतिवेदनमार्फत वर्षेनी औंल्याउदै आएको छ । यो वर्ष ३३ नियोगका विभिन्न तहका १६७ पदाधिकारीको तलब तथा वैदेशिक भत्ताको आयमा लाग्ने करमध्ये रु.२ करोड ३ लाखसमेत २०६९ देखि हालसम्म रु.९ करोड ८१ लाख घटी कर कट्टी भएको छ । कानुनबमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्तिले कर नतिर्ने र कर असुल गर्नुपर्ने सम्बन्धित कार्यालयले असुल उपर गरेको छैन । कानुनी व्यवस्था पालनामा भेदभाव हुने गरी उन्मुक्ति दिन मिल्दैन । उक्त कर आयकर ऐनको दफा ११९ बमोजिम असुल गर्नु गराउनुपर्दछ ।

६. **पारिवारिक भत्ता -** विदेशस्थित नेपाली राजदूतावासहरु यागुन, दोहा, बेइजिङ्ग ,मस्को तेल अबिब, सिओल, पेरिस, प्रिटोरिया र बैंककमा सरुवा भई जाने नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरुलाई सम्बन्धित नियोगमा परिवार नलगे पनि र अन्य नियोगहरुमा परिवार साथमा रहेको अवस्थामा तोकिए बमोजिम पारिवारिक भत्ता प्रदान गरिदै आएकोमा परिवार साथमा नरहेको र साथमा रहेको पुष्ट्याई नभएको अवस्थामा खर्च लेखेको पारिवारिक भत्ता असुलउपर गर्न विगतका प्रतिवेदनमा औंल्याए पछि मन्त्रिपरिषद्बाट २०७१।१२।२९ मा परिवार साथमा नरहेको अबस्थामा पारिवारिक भत्ता, शैक्षिक भत्ता, बीमा खर्च र औषधोपचार खर्च अब उप्रान्त उपलव्ध नगराउने निर्णय भएको छ । मन्त्रालयले कतिपय नियोगहरुबाट उपर्युक्त निर्णयको पालना नभएको भनी नियोगहरुलाई ध्यानाकर्षण गराउँदै २०७३ फागुन १५ गते समेत परिपत्र गरेको छ । यो वर्ष २३ नियोगले ११९ कर्मचारीको परिवारसाथमा रहेको पुष्ट्याई बेगर रु.५ करोड ४७ लाख खर्च लेखेको छ । परिवार साथमा नरहेको अवस्थामा भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

७. **औषधि उपचार खर्च -** निजामति सेवा नियमावली ,२०५० को नियम ९४ मा निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्रांकित श्रेणीको कर्मचारी भए बाह्र महिना बराबरको, राजपत्र अनंकित प्रथम श्रेणीको र सो सरहको श्रेणीविहीन कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनंकित र श्रेणीविहीन कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्चबापत पाउने व्यबस्था छ । सेवा अवधिमा निजामति कर्मचारीले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने कार्यालयले राखी त्यस्तो विवरण सम्बन्धित विभाग र निजामती किताबखानामा अभिलेख राख्न पठाउनुपर्ने व्यबस्था छ ।

कूटनीतिक कर्मचारीहरुको स्वास्थ्य उपचार र बीमा वापत लागेको खर्च नेपाल सरकार व्यहोर्ने गरेको छ । यो वर्ष नियोगहरुले पदाधिकारी, कर्मचारी र आश्रित परिवारको स्वास्थ्य बीमा तथा औषधि उपचारमा रु.१४ करोड ९१. लाख खर्च गरेको छ। औषधि उपचार खर्चको कुनै सीमा नतोकेको र औषधि उपचार खर्चको अभिलेख कर्मचारीगत रुपमा राखी सोको जानकारी मन्त्रालय र निजामती किताबखानामा पठाएको देखिएन । नियमाबलीको व्यबस्था बमोजिम उक्त खर्चको अभिलेख निजामति किताबखानामा राख्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

८. **आर्थिक कूटनीति कार्यक्रम -** नियोगहरु मार्फत वैदेशिक लगानी, पर्यटन र निर्यात व्यापार प्रर्वद्धनमा योगदान पुऱ्याउन आर्थिक कूटनीति अवलम्बन गर्ने नीति लिएकोमा यो वर्ष पर्यटन, वैदेशिक लगानी, निर्यात र कला सांस्कृतिक सम्पदाहरुको प्रवर्धनसम्बन्धी कार्यक्रममा रु.३ करोड ३२ लाख खर्च गरेको छ । उक्त शीर्षकमा ३६ नियोगमध्ये ४ ले शून्य प्रतिशत, ५ ले २५ प्रतिशतसम्म, ७ ले २५ देखि ५० प्रतिशतसम्म, ९ ले ५० देखि ७५ प्रतिशतसम्म र ११ ले ७५ प्रतिशतभन्दा बढी खर्च गरेका छन् । ब्रसेल्सस्थित नियोगले कार्यक्रमतर्फको रु.५ लाख स्थानीय नेपाली स्कूल तथा संघ संस्थाहरुलाई अनुदान दिएको पाइयो । अतः आर्थिक कूटनीतिको लक्ष्य प्राप्त गर्न कार्यक्रम सञ्चालन र अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्नु जरुरी देखिएको छ ।

९. **विगत वर्षको पेश्की -** सरकारी काम काजको निमित्त लिए दिएको पेश्की म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुनेमा मन्त्रालयमा ४० वर्षदेखि पुरानो पेश्की फछ्र्यौट हुन बाँकी रहेको पाइयो । मन्त्रालयमा विगत वर्ष देखिको फछ्र्यौट हुन बाँकी पेश्की रु.४ करोड ४३ लाख ४७ हजारमध्ये २५ वर्षभन्दा अघिको रु.४४ लाख ५३ हजार, २१ देखि २५ वर्षसम्मको रु.४१ लाख ९४ हजार, १६ देखि २० वर्षसम्मको रु.८८ लाख ४१ हजार, ११ देखि १५ वर्षसम्मको रु.२० लाख ७१ हजार, ६ देखि १० वर्षसम्मको रु.४४ लाख ३५ हजार र १ देखि ५ वर्षसम्मको पेश्की रु.२ करोड ३ लाख ५३ हजार रहेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५ अनुसार उक्त पेश्की असुल फछ्र्यौट गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत ३९ कार्यालयमा यो वर्ष लेखापरीक्षणबाट रु.४१ करोड ९० लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि निकायले रु.४ लाख ४१ हजार फछ्र्यौंट गरेकोले रु४१ .करोड ८६ लाख ४७ हजार फछ्र्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१९ करोड २४ लाख ५१ हजार पेश्की बेरुजू रहेको छ ।